## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः १५-२०८१/०८२

मिति २०८२/०२/११ गते आइतबार — समयः दिनको १२:३० बजे

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री जगत बहादुर बस्नेत | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**अन्य उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (स.प्र.अ.)

श्री द्रोण अर्याल (लेखा अधिकृत)

श्री जीवन उप्रेती (जिन्सी/ना.सु. [illegible])

श्री रेम ब उप्रेती (का.स)

कार्यक्रम तय गरी जेष्ठ २५ गतेसम्ममा पेश गर्ने र विभिन्न विषयगत समिति एवं शाखाबाट सो सम्बन्धी नीति तथा कार्यक्रम तयार गरी पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवघाट गाउँपालिकाबाट फोहोरमैला व्यवस्थापनका लागि रु. १५ लाख विनियोजन भएकोमा उक्त विनियोजित रकमले स्थायी रुपमा दीर्घकालीन व्यवस्थापन गर्नुपर्ने र हाल अस्थायी रुपले फोहोरमैला व्यवस्थापन गरिरहेको स्थानमा समेत खर्च गर्नुपर्ने भएकोले स्थायी दीर्घकालीन रुपमा व्यवस्थापनको लागि रु. १० लाख र अस्थायी रुपमा फोहोरमैला व्यवस्थापनको लागि रु. ५ लाख खर्च गर्ने र सो कार्यको लागि सहजीकरण गर्न ५ नं. वडा कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५:** प्रस्तावन नं. ५ माथि छलफल गर्दा देहाय बमोजिमको कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो।

क) ज्यालादारी तथा डोर हाजिरीमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२
ख) देवघाट गाउँपालिकाको बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८२
ग) देवघाट गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०८२

**निर्णय नं. ६:** पूर्ण खोप गाउँपालिका घोषणाका लागि देवघाट गाउँपालिका सम्पूर्ण वडाहरुबाट सम्पूर्ण बालबालिकाहरु पूर्ण खोप पुरा गरेको वडा कार्यालयको सिफारिस सहित जिल्ला खोप समन्वय समितिमा सिफारिस गरिएकोमा उक्त समितिको सिफारिस बमोजिम यस देवघाट गाउँपालिकालाई मिति २०८२ जेष्ट १३ गते पूर्ण खोप गाउँपालिका घोषणा गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७:** देवघाट गाउँपालिका कार्यालयको ठेक्का नं. NCB/DRM/ROAD/03/2081/82, देवघाट वेणीसंगम चक्रवर्ती हर्दि पदमार्ग (ठिमुरा पुल देखि वेणीसंगम सेक्सन) निर्माण कार्यको लागि देवघाट गाउँपालिका र निर्माण व्यवसायी श्री डि. एण्ड. वि. विल्डर्स एण्ड सप्लायर्स प्रा.लि., भरतपुर-१२, चितवन बीच मिति २०८२/०२/१५ गतेसम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा विविध कारण देखाई म्याद थपको लागि निवेदन प्राप्त भएकोमा उक्त ठेक्काको मिति २०८२ असार मसान्त म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८:** देवघाट गाउँपालिका वडा नं. ०५ स्थित मधुवन चोक देखि थापा चोकसम्मको अधुरो बाटोमा थप पूर्वाधार निर्माण कार्य (च्याम्बर बनाउने, सोलिङ पि.सि.सि. गरेर ह्युम पाइप लगाएत) को लागि प्राविधिक लागत अनुमान अनुसार सो कार्य तुरुन्त प्रारम्भ गर्नुपर्ने भएकोले सो कार्यको लागि मर्मत सम्भार कोषबाट खर्च हुने गरी कार्य अघि बढाउने निर्णय गरियो।

**निर्णय नं. ९:** देवघाट गाउँपालिका वडा नं. १ निवासी नर बहादुर गुरुङको एकल प्रयासमा ३०० मि. गोरेटो बाटो बनाएको कार्यलाई सम्मान गर्दै २०८२ सालको गणतन्त्र दिवसको दिन निज नर बहादुर गुरुङलाई रु. ६६,६६६.०० (अक्षरुपी रु. छैसठ्ठी हजार छ सय छैसठ्ठी रुपैयाँ मात्र) मा नियमानुसार कर कट्टी गरी नगदै पुरस्कार रकम प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. १०:** देवघाट गाउँपालिका अन्तर्गत कृषकहरूको पहिचान गरी सूचीकरण गर्ने प्रायोजनको लागि किसान सुचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ को दफा २२ बमोजिमको निम्न सदस्य सहितको

तिल बहादुर थापा,
अध्यक्ष

**निर्णय नं. १३:** प्रस्ताव नं. १३ माथि छलफल गर्दा देहाय बमोजिम निर्णयहरु गरियो।

(क) सामुदायिक विद्यालयहरुमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारी समयमा आवश्यक पर्ने सेनिटरी प्याड वितरणको लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार प्याडको लम्बाई कम्तिमा २४०±२० मि.मि. रहेकोमा यस आ.व. मा खरिद गरिने सेनिटरी प्याडको लम्बाई २८० मि.मि. कायम गरी खरिद प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

(ख) देवघाट गाउँपालिका वडा नं. १ निवासी श्री पान माया गुरुङ मृगौला सम्बन्धी रोगको कारण भरतपुर अस्पतालबाट नियमित रुपमा उपचार भईरहेकोमा हाल उक्त अस्पतालबाट रिफर भई चितवन मेडिकल कलेजमा उपचाररत रहेकोमा निजको आर्थिक अवस्था कमजोर र अति विपन्न भएकोले उपचारको लागि सहयोगार्थ रु. १० हजार रुपैयाँ आर्थिक सहायता प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

(ग) देवघाट गाउँपालिका अन्तर्गत ५ वटै वडाहरुमा विपद् भैपरी आउने प्रकोपबाट बच्नको लागि सचेतना अभिमुखीकरण कार्यक्रम संचालन गर्नको लागि नेपाली सेनाको रुरु भैरव गण, भानु तनहुँलाई आवश्यक सहजीकरण गर्नको लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

(घ) देवघाट गाउँपालिका वडा नं. २ को वडा कार्यालयको सिफारिस र इलाका प्रहरी कार्यालय, देवघाट तनहुँको स्थलगत मुचुल्का अनुसार वडा नं. २ स्थित चिन्दी खोलाले लामागारा र जरमटार गाउँलाई जोखिम पुर्याएको हुँदा थप क्षति हुन नदिनको लागि र खोलाको बहावको धार पहिले कै अवस्थामा ल्याउनको लागि रु. १,५०,०००।– (अक्षरुपी एक लाख पचास हजार रुपैयाँ मात्र) मा नबढ्ने गरी विपद् शीर्षकबाट कार्य गर्ने गरी प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

(ङ) मिति २०८२-०२-०१ गते आचनानक हावाहुरी आई देवघाट गाउँपालिका वडा नं. २ व्यागन स्थित गाउँघर क्लिनिकको भवनको जस्ता पाता उडाएको र पुनः प्रयोग गर्न नमिल्ने भएको हुँदा सो गाउँघर क्लिनिक भवनको तुरुन्त छाना निर्माण गरी संचालनमा ल्याउनु पर्ने भएकोले उक्त कार्यको लागि विपद् कोष शीर्षकबाट खर्च हुने गरी १२ फुटे २८ थान जस्ता पाता र आवश्यक प्लेन पाता र किला काँटी सम्बन्धित वडा कार्यालय मार्फत छाउने व्यवस्था गर्ने गरी जस्ता पाता लगाएतका सामाग्रीहरु खरिद गर्ने सर्वसम्मत निर्णय गरियो।

(च) देवघाट गाउँपालिका वडा नं. २ नरम स्थित अविशेक चर्च (मण्डली) मा २०८२ साल बैशाख २८ गतेका दिन आएको हावाहुरीले उक्त मण्डलीको जस्तापाता टिन उडाई क्षती पुर्याएकोले आवश्यक सहयोगको लागि वडा कार्यालयको सिफारिस र इलाका प्रहरी कार्यालय, देवघाट तनहुँको स्थलगत मुचुल्का सहित निवेदन प्राप्त भएकोले उक्त मण्डलीलाई विपद् कोष शीर्षकबाट खर्च हुने गरी १२ फुटे १८ थान जस्ता पाता र आवश्यक प्लेन पाता र किला काँटी सम्बन्धित वडा कार्यालय मार्फत छाउने गरी खरिद गर्ने निर्णय गरियो।

(छ) देवघाट गाउँपालिका वडा नं. ५ स्थित देउपुर स्थित श्री गाउँ सुधार समितिको माग बमोजिम शालिग्राम करिडोर कालोपत्रे गर्ने कार्य भईरहेको शुरु स्थान गुम्बा जाने चोक देखि सामुदायिक बनको भवनसम्मको बाटो करिव १० घर आवसीय क्षेत्रमा सोही स्थानबाट जोडी कालोपत्रे गरिहाल्नु पर्ने यदि नगरिएको खण्डमा सो स्थान कालोपत्रे गर्न पछाडि पर्ने भएको हुँदा र सोहि स्थानका स्थानीय बासिन्दाहरुबाट लागत सहभागिता पनि व्यहोर्ने र सो शालिग्राम करिडोर कालोपत्रे गर्ने ठेकदार पक्षले पनि सहयोग गर्ने भएकोले अनुमानित ६५ मिटरको सडक ४ मिटर चौडाई र ४ सेन्टिमिटर मोटाई कायम हुने गरी कालोपत्रे गर्नको लागि अनुमानित रु. ४

तिल बहादुर थापा
अध्यक्ष

लाख लाग्ने खर्च मध्येबाट रु. १ लाख गाउँपालिकाबाट भैपरी आउने पुँजीगत खर्च शीर्षकबाट व्यहोर्ने सर्वसम्मत निर्णय गरियो।

(ज) मिति २०८२-०२-२१ गते बुधबार (June 4th 2025) "जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस" को पावन अवसरमा देवघाट गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरु, सामुदायिक एवं नीजि शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्था (अत्यावश्य सेवा बाहेक) र अन्य संघ संस्थाहरुमा स्थानीय विदा दिने सर्वसम्मत निर्णय गरियो। साथै उक्त दिनमा दमौली, तनहुँमा आयोजना हुने कार्यक्रममा सहभागी हुन जाने सहभागीहरुलाई दलित उत्थान कार्यक्रममा विनियोजित रकमबाट यातायात तथा खाजा खाना खर्च उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

(झ) देवघाट गाउँपालिका वडा नं. २ दराईटार स्थित तिल बहादुर आलेको घर देखि पोल बहादुर आलेको घर तर्फ जाने बाटो पहिरोको कारण अवरुद्ध भई सो ठाउँबाट बाटो लैजान असम्भव भएकोले नयाँ ट्र्याक खोली खोलामा पहिरो सफाई गरी ट्र्याक खुलाई बाटो सुचारू गर्ने कार्यको लागि विपद् शीर्षकबाट रु. १ लाख विनियोजन गरी सम्पन्न गर्ने निर्णय गरियो।

(ञ) देवघाट गाउँपालिका वडा नं. २ स्थित अगम प्रसाद सुवेदी र बालकुमारी थापाको घर अगाडी बाटो खाल्टो पुरी बाटो सुचारु गर्नको लागि प्राविधिक लागत स्टिमेट र मुल्यांकनको आधारमा रु. ३२,५००/- भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

(ट) व्यक्तिगत घटनादर्ताको पूर्णता मापन सम्बन्धी कार्यविधि, २०८१ को दफा ५ बमोजिम व्यक्तिगत घटनादर्ता पूर्णता भएको स्थानीय तह घोषण गर्ने प्रयोजनको लागि देहाय बमोजिमको अनुगमन, मूल्याङ्कन तथा सिफारिस समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

**देहायः**

अ) स्थानीय तह उपाध्यक्ष : संयोजक

आ) सामाजिक विषय हेर्ने विषयगत समितिको संयोजका : सदस्य

इ) स्वास्थ्य शाखा प्रमुख : सदस्य

ई) सम्बन्धित जिल्ला हेर्ने तथ्याङ्क समन्वय कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि : सदस्य : सदस्य

उ) पञ्जिकरण सम्बन्धी विषय हेर्ने शाखाको शाखा प्रमुख : सदस्य सचिव

तिल बहादुर थापा,
अध्यक्ष